नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

☎:– ०२५-५८३३९९, ५८२३६२
📠 :– ०२५-५८३५०७

पूर्वी पृतना हे.क्वा.
इटहरी ब्यारेक, सुनसरी ।

प.स: १४६२६/लेखा/०५/०७५/७६/ ९२

मिति:२०७६/०१/४ गते ।

श्री खान विल्डिङ्ग एण्ड जेनरल कन्स्ट्रक्सन,
इनरुवा-२, सुनसरी ।

## निर्माण ठेक्का स्वीकृत गर्ने आशयको सूचना

उपरोक्त सम्बन्धमा यस पृतना हे.क्वा.मा चालु आ.व.२०७५/७६ मा सिलबन्दी बोलपत्रको माध्यमबाट मर्मत निर्माण हुने कम्पाउण्ड वालको मिति २०७५/१२/०२ गतेको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट यस पृतना हे.क्वा.ले तयार पारेको बोलपत्रहरु पृतना हे.क्वा.बाट बोलपत्र थान-७ (सात), श्री जिल्ला प्रशासन कार्यालय, इनरुवाबाट थान-२ (दुई) र श्री को.ले.नि.का., सुनसरीबाट थान-२ (दुई) गरी जम्मा ११ (एघार) थान बिक्री भएका बोलपत्रहरु मध्ये मिति २०७६/०१/०२ गतेको १२०० बजे सम्म दर्ता हुन आएका बोलपत्रहरु ऐ.मितिको १३०० बजे खोलुवा गर्नुपर्नेमा उक्त दिन सिरुवा पर्व परेकोले तराईको पाँच जिल्ला (झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी) मा सार्वजनिक बिदा पर्न गएकोले सो को बदला मिति २०७६/०१/०३ गतेको १२०० बजेसम्म नियमानुसार दर्ता हुन आई ऐ.मितिको १३०० बजे खोलुवा भएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही न्युनतम् मुल्याकित सबै भन्दा घटी कबोल गर्ने त्यस खान विलिडङ् एण्ड जेनरल कन्स्ट्रक्सन, इनरुवा-२, सुनसरीले मु.अ.कर बाहेक रु.४७,७३,८७९.६० (सङ्चालीसलाख त्रिहत्तरहजार आठसय उनासी र पैसा साठी) र मु.अ.कर सहित रु.५३,९४,४८३.९५ (त्रिपन्नलाख चौरानब्बेहजार चारसय त्रियासी र पैसा पन्चानब्बे) मात्र कबोल गरेको हुदा त्यस कन्स्ट्रक्सनको बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम स्वीकृत गर्ने आशयको सुचना जारी गरिन्छ ।

(समीर शाही)
उपरथी
पृतनापति

**बोधार्थ तथा कार्यार्थ:**

श्री प्रबन्धरथीको कार्यालय, जङ्गी अड्डा ।

श्री सैनिक आर्थिक प्रशासन विभाग, जङ्गी अड्डा ।

श्री जनसम्पर्क तथा सूचना निर्देशनालय,
जङ्गी अड्डा: माथि उल्लेखित यस पृतना हे.क्वा.को निर्माण स्विकृती सम्बन्धी आशयको सूचना नेपाली सेनाको बेब साईटमा राखिदिनु हुन ।

श्री स्थपति निर्देशनालय, जङ्गी अड्डा ।

श्री सार्वजनिक खरिद अनुगमनको कार्यालय, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय, इनरुवा, सुनसरी ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इनरुवा, सुनसरी ।

श्री आविद निर्माण सेवा, इनरुवा-२, सुनसरी, – माथि उल्लेखित बोलपत्रदातालाई मुल्यांकन समितिबाट सारभुत रुपमा प्रभावग्राही र न्युन मुल्याङ्कित बोलपत्रदाता सिफारिस भएको हुदा ठेक्का स्वीकृती गर्ने आशयको पत्र जारी गरिएकोमा तपाईको फर्मको असहमती वा चित्त नबुझेमा प्रमाण सहित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा १ बमोजिम यस पृतना हे.क्वा.मा आजको मितिले ७ दिन भित्र लिखित निवेदन पेश गर्न सक्ने प्रावधान रहेको व्यहोरा जानकारी गराईन्छ ।